# एकीकृत कारोवार शुभारम्भ हुने बारेको सूचना

**जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, सल्भ लघुवित्त वित्तीय संस्था लिमिटेड र गरिबी न्यूनिकरण लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने गाभिने (मर्जर) कार्य गरे पश्चात् जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट मिति २०७७/०५/२२ गतेबाट एकीकृत कारोवार शुभारम्भ हुने बारेको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७७/०५/१४ गते)

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था **जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड**, **सल्भ लघुवित्त वित्तीय संस्था लिमिटेड** र **गरिबी न्यूनिकरण लघुवित्त वित्तीय संस्था लिमिटेड** एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा तीनवटै वित्तीय संस्थाहरूको छुट्टाछुट्टै विशेष साधारण सभाबाट पारित विशेष प्रस्ताव बमोजिम एक आपसमा गाभ्ने गाभिने (मर्जर) कार्यका लागि नेपाल राष्ट्र बैंकबाट २०७७/०४/२६ गतेको पत्रबाट संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) कार्य गर्न अन्तिम स्वीकृत प्राप्त भएको र कम्पनी रजिस्ट्रारको कार्यालयबाट समेत जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, सल्भ लघुवित्त वित्तीय संस्था लिमिटेड र गरिबी न्यूनिकरण लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने गाभिने (मर्जर) अन्तिम दिनसम्म कायम रहेको सम्पूर्ण सम्पत्ति, दायित्व तथा अन्य सम्भावित दायित्वहरू गाभ्ने गाभिने (मर्जर) कार्य पश्चात् बनेको नयाँ संस्था जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले व्यहोर्ने सकार्ने गरी गाभ्ने गाभिने (मर्जर) कार्यका लागि स्वीकृति प्राप्त भएको हुँदा एक आपसमा गाभ्ने गाभिने (मर्जर) कार्य पश्चात् बनेको संस्था "**जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड**" अंग्रेजीमा **Jeevan Bikas Laghubitta Bittiya Sanstha Limited** "घ" वर्गको इजाजतपत्र प्राप्त संस्थाको नामबाट मिति २०७७/०५/२२ गते सोमबार देखि एकीकृत कारोवार शुभारम्भ गरिने व्यहोरा समस्त ग्राहक सदस्य, शेयरधनी, नियमनकारी निकाय तथा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। गाभ्ने गाभिने (मर्जर) कार्य पश्चात वित्तीय संस्थाको केन्द्रीय कार्यालय हाल जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय रहेको स्थान कटहरी २, मोरङमा रहने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

साथै, मिति २०७७/०५/२२ गते देखि तीनवटै संस्थाको एकीकृत कारोवार सुरू गरिने भएको हुँदा **Data Migration** प्रयोजनका लागि मिति २०७७/०५/१९, २० र २१ गतेका दिन तीनवटै वित्तीय संस्थाद्वारा आफ्ना कार्यालयहरूबाट प्रदान गर्दै आइरहेको सम्पूर्ण बैंकिङ कारोवार बन्द रहने व्यहोरा समस्त ग्राहक सदस्य, नियमनकारी निकाय तथा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। यसबाट ग्राहक सदस्यमा पर्न जाने असुविधा प्रति हामी क्षमाप्रार्थी छौं।
गाभ्ने गाभिने (मर्जर) कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पत्ति दायित्व मूल्यांकनकर्ता, विशेषज्ञ तथा नियमनकारी निकायका पदाधिकारीज्यूहरूप्रति जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छौं।

**जीवन विकास लघुवित्त वित्तीय संस्था लि.**
**JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.**
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)

**कटहरी गाउँपालिका**
**वडा नं. २, मोरङ**

**धनकुटा नगरपालिका**
**वडा नं ५, धनकुटा**

**राजविराज नगरपालिका**
**वडा नं. ६, सप्तरी**